प्रस्तावनाहरु :

१. निर्माण समिति गठन गर्ने सम्बन्धमा ।

२. समिति तथा व्यक्तिहरुको खाता सञ्चालन गर्ने सम्बन्धमा ।

३. ड्राईङ्ग, डिजाइन, सर्वे तथा टेक्निकल ग्राफको लागि प्राविधिकलाई जिम्मा दिने सम्बन्धमा ।

४. कामको लागि सहजिकरण गर्ने सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा १७ बमोजिम यस चौरजहारी नगरपालिका अन्तर्गतका १ देखि १४ वटै वडाका लक्षित समुहबाट प्राथमिकीकरण फाराम बमोजिम छनौट भएका व्यक्तिहरुबाट घरहरु निर्माण तथा कार्य सञ्चालन गर्न तपसिल बमोजिम निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. गाईने दमाइ (वडा नं. ६) | — | संयोजक |
| २. चिमुली दमाई (वडा नं. २) | — | सदस्य |
| ३. रमेश नेपाली (वडा नं. ४) | — | सदस्य |
| ४. सुस्मा विक (वडा नं. १२) | — | सदस्य |
| ५. गोपाल वादी (वडा नं. ८) | — | सदस्य |
| ६. शुशिला वादी (वडा नं. ७) | — | सदस्य |
| ७. गनबहादुर नेपाली (वडा नं. ११) | — | सदस्य |

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ बमोजिम रकम भुक्तानीको लागि समितिका संयोजक र पूर्वाधार विकास कार्यालयले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षरबाट श्री राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा खाता

प्रमुख प्रशासकीय अधिकृत

खोल्ने निर्णय गरियो । साथै प्रत्येक लाभग्राहीलाई समिति मार्फत खातामा भुक्तानी गर्ने प्रयोजनार्थ लाभग्राहीको एकल हस्ताक्षरबाट श्री राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा खाता खोल्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा जनता आवास योजना अन्तर्गतका आवासहरु निर्माण गर्न उक्त घरहरुको ड्राईङ्ग, डिजाइन, सर्वे तथा टेक्निकल ग्राफको लागि लाभग्राहीहरुलाई प्राविधिक सहयोग गर्न चौरजहारी नगरपालिका पूर्वाधार विकास शाखामा कार्यरत प्राविधिकलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा लाभग्राहीहरुलाई स्वीकृत बजेट तथा ड्राईङ्ग, डिजाइन अनुसार कार्य गर्न सम्बन्धित वडा कार्यालयहरुले आवश्यक सहयोग र सहजिकरण गर्ने । घर निर्माणको लागि आवश्यक काठ उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयले वडा भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुसँग आवश्यक समन्वय गरी निःशुल्क रुपमा काठ उपलब्ध हुने व्यवस्था मिलाउने । साथै आवश्यक निर्माण सामग्री खरिद गरी उपलब्ध गराउन समेत सम्बन्धित वडा कार्यालयले सहजिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा जनता आवास कार्यक्रम सञ्चालनको लागि विनियोजित २ प्रतिशत कन्टिन्जेन्सीमध्ये १ प्रतिशत नगरपालिकाले र बाँकी १ प्रतिशत पूर्वाधार विकास कार्यालयले आवश्यक प्रशासनिक कार्यको लागि खर्च गर्ने निर्णय गरियो ।

२०७६/०२/१६
प्रमुख प्रशासकीय अधिकृत